मितिः२०८२-०६-०२ बैठक संख्याः३

प्रस्तावहरुः

१. कार्यपालिका सदस्यको गणपुरक संख्या सम्बन्धमा।
२. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
३. श्रद्धाञ्जली अर्पण तथा समवेदना प्रकट सम्बन्धमा।
४. सडक मर्मत सम्बन्धमा।
५. विविध कार्यविधि पेश सम्बन्धमा।
   क. सियारी गाउँपालिका स्तरीय किशोर-किशोरी सञ्जाल संचालन कार्यविधि, २०८२
   ख. महिला सञ्जाल गठन, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
   ग. पुराना भवनहरुको अभिलेखीरकण/नियमित तथा तला थप व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२
   घ. विद्यालय अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८२
   ङ. सियारी गाउँपालिकाको मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधि, २०८२
   च. सियारी गाउँपालिका सोझै खरिदमा प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२
   छ. सियारी गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्ती सम्बन्धी कार्यविधि, २०८२
   ज. रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
   झ. सियारी गाउँपालिका "सुत्केरीसँग उपाध्यक्ष" कार्यक्रम संचालन कार्यविधि, २०८२
६. मृगौला प्रत्यारोपण गरेका डाइलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धमा।
७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा सियारी गाउँ कार्यपालिकाको सदस्यहरुको गणपुरक संख्या पुरा भएकोले आजको कार्यपालिका बैठक संचालन गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको अवस्था समिक्षा गर्दा अधिकाशं निर्णयहरु कार्यान्वयन भएको पाइयो र कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वनमा लैजाने निर्णय गरियो।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यहि मितिः२०८२ भाद्र २३ र २४ गते Gen-Z पुस्ताको प्रदर्शन तथा आन्दोलनका क्रममा ज्यान गुमाउने सम्पूर्ण युवाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको स्वास्थ्य उपचारको सम्पूर्ण जिम्मा सरकारले लियोस् भन्ने माग गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा अविरल वर्षाका कारण भत्किएका तथा क्षति भएका सियारी गाउँपालिका अन्तर्गतका मर्मत गर्नुपर्ने अति आवश्यक सडक मर्मतको लागि सम्बन्धित वडाका प्राविधिक कर्मचारीहरुले ल.ई.तयार गरी वडा अध्यक्षले सिफारिस गरि पठाउने र सडक मर्मतको व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सियारी गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवाहरुलाई प्रभावकारी रुपमा प्रवाह गर्नको लागि तयार भई पेश हुन आएका तपसिलमा उल्लेखित कार्यविधिहरु अध्ययन गरी आगामी कार्यपालिका बैठकबाट संशोधन सहित स्वीकृत हुने गरी पेश गर्ने निर्णय गरियो।

तपसिलः

क. सियारी गाउँपालिका स्तरीय किशोर-किशोरी सञ्जाल संचालन कार्यविधि, २०८२
ख. महिला सञ्जाल गठन, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
ग. पुराना भवनहरुको अभिलेखीरकण/नियमित तथा तला थप व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२
घ. विद्यालय अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८२
ङ. सियारी गाउँपालिकाको मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधि, २०८२
च. सियारी गाउँपालिका सोझै खरिदमा प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२
छ. सियारी गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्ती सम्बन्धी कार्यविधि, २०८२
ज. रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
झ. सियारी गाउँपालिका “सुत्केरीसँग उपाध्यक्ष” कार्यक्रम संचालन कार्यविधि, २०८२

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका डाइलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि अनुसार हालसम्म सुविधा पाइरहेका लाभग्राहीहरुको विवरण नविकरण गरि भुक्तानी प्रकृया नियमित बनाउने र नयाँ

आउने लाभग्राहीहरुको हकमा कार्यविधि संशोधनको लागि सम्बन्धित निकायमा लेखी पठाउने र सोही अनुसार गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत क्रमश रुपमा चालु आ.व.२०८२/०८३ मा सियारी गाउँपालिका वडा नं ७ मा कार्यक्रम शुभारम्भ गर्ने र उद्यमिको स्तरोन्नती कार्यक्रम (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) निरन्तरता दिने निर्णय गरियो ।